# आर्थिक वर्ष २०७८/७९ को
# नीति, कार्यक्रम तथा बजेट

भीमफेदी गाउँपालिका

मकवानपुर जिल्ला

बागमती प्रदेश

आजको यस गरिमामय सभाका सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,सचिवज्यू, राष्ट्रसेवक कर्मचारी तथा अन्य उपस्थित सम्पूर्ण महानुभावहरु ।

१. विश्वव्यापी माहमारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को पहिलो लहर सेलाउन नपाउँदै मानवजातिले थप शक्तिशाली भेरियन्ट सहितको दोश्रो लहर भोगिरहनु परेको यस विषम परिस्थितिमा त्रास, भोक, शोक, निन्द्रा नभनी अहोरात्र खटिनुहुने समस्त स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाइकर्मी, जनप्रतिनिधि,कर्मचारी, सवारी चालक लगायत कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न सम्पूर्णमा हार्दिक नमन गर्दै आज यस भीमफेदी गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

२. हाल नेपालमा कोभिड-१९ को दोश्रो लहरको संक्रमणदर र मृत्युदर उच्च रहेको छ ।दैनिक हजारौ मानिस संक्रमित तथा सयौं मानिस अकाल मृत्युको शिकार भइरहेका छन् ।कोभिड-१९ को संक्रमणबाट ज्यान गुमाएका यस गाउँपालिकाका जनताप्रति गहिरो समवेदना प्रकट गर्दै संक्रमित भई उपचाररत सम्पूर्णमा शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

३. कोभिड-१९ को नियन्त्रण र कोभिडसँग जुध्नका लागि कोभिड विरुद्धको खोप अविष्कार र उत्पादन गर्ने वैज्ञानिक, आविष्कारकलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।नेपालजस्तो कम विकसित मूलुक समेत खोपको पहुँचमा पुग्नु निश्चय नै शुभ संकेत मान्न सकिन्छ । खोपको प्रभावकारिताका कारण हाल कोभिड-१९ को उपचार र नियन्त्रणका लागि अग्रभागमा खटिनुहुने स्वास्थ्यकर्मी लगायतमा काम गर्ने आत्मबल बढेको छ । सो को लागि नेपाल सरकारप्रति म हार्दिक आभार प्रकट गर्दै अब छिट्टै नै सबै नेपालीहरुको कोभिड विरुद्धको खोपमा पहुँच पुग्ने विश्वास लिएको छु ।हामी छिट्टै नै कोभिड विरुद्धको लडाईंमा विजयी हुनेछौं ।

४. जनताको बलिदानीपूर्ण क्रान्तिबाट प्राप्त संघीय गणतन्त्रले कल्पना गरेको तीन तहको सरकार अन्तर्गत संघीयता कार्यान्वयनमा स्थानीय तहले खेलेको भूमिका र योगदानलाई निकै सरहानिय रुपमा मूल्याङकन भएको छ। नेपालमा संघीयताको अभ्यास सफल हुँदै गइरहेको र संविधानमा प्रस्तावित संघीयता संस्थागत हुनेमा अब कुनै दुईमत छैन ।

५. माहमारीका कारण व्यापार व्यवसायी, यातायात व्यवसायी, पर्यटन तथा होटल व्यवसायी दैनिक ज्याला गरी जिविकोपार्जन गर्ने .मजदुरहरु बढी प्रभावित छन् ।जसको प्रत्यक्ष असर देशको अर्थतन्त्रमा परेको छ ।यस्तो विषम परिस्थितिमा हामीले चुनावअघि जनता सामू गरेको प्रतिबद्धता पूरा गर्न चुनौति थपिएको छ ।तथापि सो बेला घोषणा गरेका प्रतिबद्धताहरु हामीले भुलेका छैनौं ।हाम्रो कार्यकाल अवधिसम्म त्यसलाई अधिकतम सम्बोधन गरिसक्नेछौ भन्नेमा हामी विश्वस्त छौं ।

६. संघीयताको पहिलो अभ्यास, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले प्रदान गरेका अधिकार कार्यान्वयन गर्न पर्याप्त कानून, नीति र कार्यविधिको अभाव, कोभिड-१९ को माहमारी प्रशासनिक पूर्वाधार र जनशक्तिको अभावका बाबजुद पनि हामीले नेतृत्व गरेको स्थानीय सरकारले देखिने र अनुभव गर्न सकिने थुप्रै कार्य गरेको छ ।

७. अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा गाउँपालिकाको आन्तरिक आयलाई जनताको माग, आवश्यकता र आकाक्षां परिपूर्तिको लागि इमानदार, पारदर्शी तथा वस्तुनिष्ठ भएर सदुपयोग गरिएकै कारण गाउँपालिकाको पाँच वर्ष अघि र अहिलेमा सकारात्मक परिवर्तन संभव भएको हो । राजनीतिक आस्था र विचारभन्दा आफ्नो ठाउँ बनाउने साझा उद्देश्य बोकेर निर्वाचित आउनुभएका सम्पूर्ण जनप्रतिनिधिहरु सबै धन्यवादको पात्र हुनुहुन्छ ।

सभाध्यक्षज्यू,

अब म चालु आ.व.२०७७/७८ मा गाउँपालिकाले गरेका मुख्य मुख्य कामहरुको संक्षिप्त समीक्षा प्रस्तुत गर्न गइरहेको छु ।

- भाडा र साघुँरो कार्यस्थलमा रही सेवा प्रवाह गरिरहनु परेको विद्यमान अवस्थाबाट अब हामी छिट्टै नै गाउँपालिकाको आफ्नै स्वामीत्वमा रहेको सुविधासम्पन्न प्रशासकीय भवनबाट सेवा प्रवाह सुरुवात गर्ने अन्तिम चरणमा छौं ।नयाँ भवनबाट सेवा प्रवाह प्रारम्भ भएपश्चात कार्यालय सञ्चालन तथा जनप्रतिनिधि र कर्मचारीहरुको सेवा प्रवाहस्तर र कार्यसम्पादनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ ।
- विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड-१९ को दोश्रो लहरको नियन्त्रण र व्यवस्थापनका लागि २५ शैय्याको आइसोलेसन वार्डको सञ्चालन गरिएको छ ।३०० जना संकास्पद संक्रमितको निःशुल्क एन्टिजेन परीक्षण, संक्रमित तथा संकास्पद संक्रमितका लागि निशुल्क एम्बुलेन्स सेवा तथा आइसोलेसनमा रहँदाको पौष्टिक आहार र औषधीउपचारको सेवा निःशुल्क गरिएको छ भने हालसम्म ८० जनालाई गाउँपालिकाद्वारा सञ्चालित आइसोलेसन वार्डबाट सेवा प्रदान गरिएको छ।
- ६५ बर्षमाथिका ज्येष्ठ नागरिक, स्वास्थ्यसंस्थामा कार्यरत स्वास्थ्यकर्मी, स्वयंसेविका, कर्मचारी तथा सुरक्षाकर्मी समेत गरी ९०५ जनालाई कोरोना भाइरसको संक्रमण विरुद्धको कोभिसिल्ड खोप दिइएको छ । यसैगरी ६२ देखि ६४ बर्ष उमेर समूहका १२९ जना ज्येष्ठ नागरिकहरुलाई भेरोसिलको पहिलो मात्रा दिइसकिएको छ ।
- पूर्वाधार निर्माण तथा खरिद कार्यका लागि आव्हान गरिने बोलपत्रलाई अधिकतम रुपमा प्रतिस्पर्धी र पारदर्शी बनाउन E-Bidding पद्धति लागू गरिएको छ ।
- गाउँपालिकाको नवैं वडाहरुमा व्यक्तिगत घटना दर्ताको डिजिटाइजेशन सुरु गरिएको छ भने अनलाइन प्रणालीमार्फत व्यक्तिगत घटना दर्ताको सुरुवात गरी व्यक्तिगत घटना दर्तालाई व्यवस्थित र वैज्ञानिक बनाइएको छ । सबै वडाका सामाजिक सुरक्षा लाभग्राहीहरुको बैङ्किङ प्रणालीमार्फत भत्ताको वितरण हुने व्यवस्था मिलाइएको छ ।
- भीमफेदीको गौरव तथा नेपालकै ऐतिहासिक धरोहरका रुपमा रहेको पर्यटकीय महत्त्व बोकेको चिसापानीगढीको संरक्षण, सम्वर्द्धन गर्दै ऐतिहासिक र पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सँस्कृति,

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको लागत साझेदारीमा सो क्षेत्रको गुरुयोजना तयार गरी सार्वजनिक खरिद प्रक्रियाको अन्तिम चरणमा रहेको छ ।

- विद्युतको पहुँचबाट बञ्चित वडा नं. ८ को धार्के, महाविर र भर्याङडाँडामा विजुली पुगेको छ । अब गाउँपालिकाको करिब ९५ प्रतिशत बस्ती विद्युत सेवाको पहुँचमा पुगेका छन् ।
- कोभिड-१९ को माहामारीका कारण गाउँपालिकाको आन्तरिक आयको संकलनको अवस्था तुलनात्मक रुपमा न्यून हुनु तथा गाउँपालिकाको मुख्य आन्तरिक आयको रुपमा रहेको ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थको विक्रीबाट प्राप्त हुने आय नीतिगत कानूनी अड्चनका कारण लक्ष्यअनुरुप नभएपनि गत वर्षभन्दा नदीजन्य पदार्थको आय बाहेक अन्य क्षेत्रको आय करिब ७० प्रतिशतले वृद्धि भएको छ ।
- प्रदेश कानून बमोजिम गाउँपालिकामा रु. पाँच लाखसम्मको उद्योग/व्यवसाय दर्ताको प्रारम्भ भएको छ । गाउँपालिकामार्फत विभिन्न प्रकृतिका गरी हालसम्म ३० व्यवसाय दर्ता भइसकेका छन् ।
- मनसुनको समयमा लामखोलामा आउने बाढीबाट भीमफेदी बजार र पारीबजार क्षेत्रमा हुनसक्ने नदीकटानको जोखिमलाई न्युनीकरण गर्न तटबन्ध गर्ने कार्य गरिएको छ ।
- भीमफेदी बजारमा रहेको गाउँपालिकाको रेखदेख र संरक्षणमा रहेको जग्गामा १३ कोठे व्यवसायिक सटर भवनको निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।
- भीमफेदी-६ स्थित सिमलटार मिनि रंगशालाको निर्माण सम्पन्न हुने क्रममा रहेको छ भने प्रदेश सरकार सँगको सहकार्यमा भीमफेदी-४ निबुवाटारमा चिउरीबगैचा मिनि रंगशालाको निर्माण कार्य सञ्चालन भइरहेको छ ।
- भीमफेदी-५ सुपिङमा १ हजार ५ सय सत्तरी मिटर बाटोको स्लाब ढलान कार्य सम्पन्न गरिएको छ ।
- गाउँपालिकाको महत्वपूर्ण आयोजनाको रुपमा रहेको सुपिङ वृहत खानेपानी आयोजना निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।
- सुपिङ-बास्थला-दमार-चौका सडकखण्ड तथा कालिटार-घण्टेखोला सडकखण्डको स्तरोन्नती गर्ने कार्य सम्पन्न गरिएको छ ।
- चालु आ.व.मा भीमफेदी-७ कोगटे र भीमफेदी-४ को सबै टोलहरुमा सडक सुविधा पुगेको छ ।
- पालुङ-डाँडाबास सडकको दम्कीदेखी यस भीमफेदी गाउँपालिकाको वडा नं.९ को विकट मानिएको बर्देउसम्म अनुमानित ६ कि.मि. कच्चीसडक निर्माण भई ७५ घरधुरीका स्थानिय बासिन्दाहरु प्रत्यक्ष लाभान्वित भएका छन ।
- यसैगरी बर्देउ-मनहरी-बाघमारा सम्मको सडक ट्रयाकको प्रारम्भिक DPR तयार भई प्रारम्भिक वातावरणीय परीक्षणको कार्य भइरहेको छ ।

- गाउँपालिकाको वडा नं.४ र २ जोड्ने सिमलबोट-गुण्डिङको स्लाब ढलान सम्पन्न गरिएको छ ।भने त्रिभुवन राजपथको वैकल्पिक सडकको रुपमा भैसे-गुम्बापोखरी सडकको निर्माण सम्पन्न गरिएको छ ।
- भीमफेदी-६ को दुर्गम मानिने ढङ्गाघारीमा पहिलो पटक सडक पुर्याइएको छ । यसैगरी वडा नं. २ स्थित उर्ग्येन याङ्फेल बौद्ध गुम्बादेखि पोखरीसम्मको सडक निर्माण भई सञ्चालनमा आएको छ ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भीमफेदी-९ स्थित लेकाली बँसिफाँट मा.वि.मा शैक्षिक सामग्री व्यवस्थापन र शिक्षामा नवीनतम प्रविधि प्रयोगको कार्यक्रम सञ्चालनमा रहेको तथा भीमफेदी-६ स्थित महेन्द्र मा.वि.मा कम्प्युटर ल्याब स्थापना गरिएको छ ।
- गाउँपालिकाका सबै माध्यामिक र आधारभूत विद्यालयहरुमा इन्टरनेट सेवाको विस्तार गरिएको छ भने १८ विद्यालयहरुलाई आवश्यक फर्निचर र शैक्षिक सामग्री वितरण गरिएको छ ।
- विद्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई शैक्षिक संस्थाप्रति थप जिम्मेवार बनाउन मासिक रु. एक हजार प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ ।आर्थिक रुपले विपन्न परिवारका बालवालिकाहरुको पहिचान गरी न्यानो कपडा वितरण, किशोरीहरुका लागि सेनिटरी प्याड वितरण सम्पन्न गरिएका छन् ।
- कृषि क्षेत्रलाई व्यवसायिक, वैज्ञानिक र यान्त्रीकीकरण गर्न गाउँपालिकाभरीका ३२ कृषकहरुलाई ६० प्रतिशत अनुदानमा कृषि औजार वितरण, ९० कृषकलाई ७५ प्रतिशत अनुदानमा सिल्पोलिन प्लाष्टिक वितरण गरिएको छ भने ५ कृषकका लागि ८० प्रतिशत अनुदानमा नमुना हाइटेक टनेल निर्माणको काम भइरहेको छ ।
- व्यवसायिक मौरीपालनतर्फ कृषकहरुलाई आकर्षित गर्न मौरीपालन सम्बन्धी तालिम तथा १५ जनालाई ८० प्रतिशत अनुदानमा मौरी घार वितरण गरिएको छ ।यसैगरी धान खेती हुने गाउँपालिकाका सबै क्षेत्रका कृषकहरुलाई निःशुल्क उन्नत जातको धानको बीउ वितरण गरिएको छ ।
- गाउँपालिकाका ४४ जना पशुपालक कृषकहरुलाई ६५ प्रतिशत अनुदानमा नश्लसुधारका लागि उन्नत जातका बोयर बोका वितरण गरिएको छ ।
- गाउँपालिकाका ५ र ९ नं. वडाका ८० कृषकहरुलाई रु. ४० हजार अनुदानमा दुहुना भैसी वितरणको कार्यक्रम सञ्चालनमा रहेको छ भने ३० हजार बाख्राहरुलाई पि.पि.आर. रोग विरुद्धको खोप दिइएको छ ।
- शारिरिक रुपमा फरक क्षमता भएका व्यक्तिहरुलाई कृतिम हातखुट्टा, ह्विलचियर, बैशाखी जस्ता सहायक सामग्री वितरणको तयारी  गरिएको छ ।लैङ्गिक समानता तथा महिला सशक्तिकरणका लागि महिला पुरुष समविकास तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।
- भीमफेदी गाउँपालिकाभित्र बसोबास गर्ने नेपालको अति सीमान्तकृत जातीमा सूचीकृत विपन्न चेपाङ समुदायका  ६०८ व्यक्तिहरुको निःशुल्क स्वास्थ्यबीमा कार्यक्रम सम्पन्न गरिएको छ ।

- स्थानीय तहको न्यायिक सम्पादनतर्फ गाउँपालिकाको न्यायिक समितिमा चालु आ.व.मा दर्ता भएका ३२ निवेदन मध्ये १६ वटा निवेदनमाथि छलफल गरी मेलमिलाप गराइएको छ ।

सभाका सदस्यज्यूहरु,

१."**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय आकांक्षा, वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलूकमा स्तरोन्नती गर्ने लक्ष्य, वि.सं. २१०० को दीर्घकालीन राष्ट्रिय सोच तथा बागमती प्रदेशले तर्जुमा गरेको पहिलो आवधिक योजना लगायतका समुन्नत र समृद्ध नेपाल बनाउन नेपाल सरकार र प्रदेश सरकारले देखेका साझा सपनाहरुमा साथ दिन "**प्राकृतिक श्रोत,कृषि,पर्यटन र पूर्वाधारः सुखी र समृद्ध भीमफेदी निर्माणको आधार**" भन्ने दीर्घकालीन सोच सहित भीमफेदी गाउँपालिकाले आ.व.२०७८/७९ देखि २०८२/८३ सम्मका लागि प्रथम पञ्चबर्षिय आवधिक योजना तर्जुमा भइरहेको छ । गाउँपालिकाको संभावित आन्तरिक आयको खोजी तथा बजेट खर्चको प्राथमिकताका लागि आवधिक योजना मार्गदर्शक बन्नेछ ।हामीले नेतृत्व गरेको स्थानीय सरकारको अवधिमा प्रथम आवधिक योजनाको तर्जुमा हुनु पक्कै पनि समग्र गाउँपालिका र हाम्रो लागि गौरवको कुरा हुनेछ भन्ने मान्दछु । योजना तर्जुमा सँगसँगै हामीमा अव आवधिक योजनामा तोकिएका लक्ष्य र उद्देश्य पूरा गर्ने चुनौती पनि थपिएको छ ।यसर्थ उक्त आवधिक योजनाले निर्दिष्ट गरेको सूचकहरुमा सकारात्मक परिवर्तन हुने आयोजना, कार्यक्रम र गतिविधिहरुलाई प्राथमिकतामा राख्नु अब बन्ने नीति, बजेट तथा कार्यक्रमको उद्देश्य हुनेछ ।

२. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय सरकारका विभिन्न ऐन, कानून, नियमहरु, संघीय सरकारको पन्ध्रौं आवधिक योजना, बागमती प्रदेशको प्रथम आवधिक योजना, संघीय तथा प्रदेश सरकारको बजेट वक्तव्य, नेपाल सरकारले गरेका अन्तराष्ट्रिय सन्धि, सम्झौताहरु, SDGS का लक्ष्यहरु, गाउँपालिकाको गत आ.व.को नीति, बजेट तथा कार्यक्रम, गाउँपालिकाबासीको आवश्यकता, माग तथा यस गाउँपालिकाको वास्तविक आर्थिक, भौगोलिक र सामाजिक अवस्था, गाउँ कार्यपालिका बैठकका विभिन्न निर्णयहरु, गाउँपालिकाले निर्माण गरेका विभिन्न कानूनी व्यवस्थाहरु, चुनावपूर्व जनतासामू घोषणा गरेका प्रतिबद्धताहरु, कोभिड-१९ र मनसुनजन्य जलउत्पन्न प्रकोपबाट सृजित चुनौति तथा गाउँपालिकाको विशेष प्राथमिकतामा परेका विषयहरुलाई आधार मानी यस भीमफेदी गाउँपालिकाको आ.व.२०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिएको जानकारी गराउन चाहान्छु ।

सभाध्यक्षज्यू,

अब म यस भीमफेदी गाउँपालिकाको आ.व.२०७८/७९ को क्षेत्रगत नीति तथा आधारहरु प्रस्तुत गर्न चाहान्छु ।

क) आर्थिक विकास

१. कृषि

- गाउँपालिकाको वडा नं.३ को अम्लिङ, बेसारघारी, आँपचौर, ईक्चुङ, वडा नं.४ को खत्रीडाँडा लगायत वडा नं.५ का तल्लो र माथिल्लो ज्यामिरे क्षेत्रलाई बेसार पकेट क्षेत्रका रुपमा विकास गरिनेछ ।
- फलफूलमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन वडा नं.९, ५, ७ र ८ को महादेवटार क्षेत्रमा अमिलो जातका फलफूल खेतीका कृषकहरुलाई प्रोत्साहन गर्न आवश्यक विरुवा तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।
- तरकारी उत्पादन हुने गाउँपालिकाका मुख्य क्षेत्रहरु वडा नं.९ को महाविर, अघोर, टोड्के, दण्दुभञ्ज्याङ, बतासे, भदौरे, बासुकी, वडा नं.५ को सुपिङ, अगौटे र छबेली क्षेत्रमा टनेल खेतीको विकास र विस्तार गरी **"हेर्न जाउँ, टनेल गाउँ"** भन्ने नारालाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।
- वडा नं.६ को धोर्सिङ र जुरिखेत क्षेत्रका गाजर खेती गर्ने कृषकहरुलाई व्यवसायिकता तर्फ उन्मुख गर्न सहयोगी कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको वडा नं.८ अन्तर्गत इपामा पोखरेली धान र दलहन खेतीको व्यवसायिक विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकाका वडा नं.१,२,३,६, ८ र ९ का बाख्रापालक कृषक तथा वडा नं.५, ८ र ९ मा भैसीपालक कृषकहरु लाभान्वित हुने किसिमका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- पहिलो र दोश्रो लहरको कोरोना माहमारीका कारण आफ्नो रोजगारीबाट विस्थापित भई सयौं युवाहरु गाउँ भित्रिएका छन् ।महामारीलाई अवसरका रुपमा लिई बाँझो जमिनलाई सदुपयोग गर्न प्रेरित गर्दै निर्वाहमुखी कृषि पेशालाई व्यवसायमुखी बनाउने नीति लिइनेछ ।

२. <u>पर्यटन</u>

- भीमफेदी-१ स्थित त्रिखण्डीपार्क देखि सामरी पुलसम्म राप्ती बेसिनलाई आधार मानी पर्यटकीय गतिविधि सञ्चालन र पर्यटन पूर्वाधार निर्माण गर्न विशेष गुरुयोजना निर्माण गरिने छ ।
- भीमफेदीको गौरव तथा धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पर्यटकीय महत्त्व बोकेका चिसापानीगढी,त्रिखण्डी मन्दिर, गुप्तेश्वरी गुफा, भीमसेन मन्दिर तथा हात्तीसार क्षेत्रको संरक्षण, सम्वर्द्धन तथा विकाससँग सम्बन्धित विविध कार्यक्रमहरु गरिनेछ ।
- प्रदेश सरकारसँगको सहलगानीमा भीमफेदी-६ स्थित खोरभञ्ज्याङदेखि हात्तीसारसम्म साहसिक खेल जिपलाइन सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिकाको वडा नं. ९ स्थित मैत्रीबगैचा, वडा नं. ८ स्थित नटरम्मेश्वर तथा वडा नं.७ स्थित पाण्डव पोखरी र सिद्धपोखरीको प्रचारप्रसार गरी वातावरणमैत्री पर्यटकीय

क्षेत्र (Bio-Tourism) का रुपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।

- भीमफेदी-९ मा पर्ने गोलमोडदेखि देउराली-कोगटे-महाविर हुँदै फाप्लाङसम्मको लालीगुँरास साइकल ट्र्याक निर्माण र विस्तारको कार्यलाई निरन्तरता दिई आगामी वर्षसम्ममा सम्पन्न हुने लक्ष्य राखी काम गरिनेछ ।
- भीमफेदी-५ को धुन्धुरेखोलामा साहसिक बन्जीजम्पिङ र भीमफेदी-९ को झिरघारी तारेभिरलाई रक क्लाइम्बिङ क्षेत्र विकासको लागि संभाव्यता अध्ययन गरी कार्यक्रम अघि बढाइने छ ।
- भीमफेदी-९ को रुम्बा गाउँमा होमस्टे सञ्चालन, विकास, प्रबर्द्धन गरी प्रचारप्रसार गरिनेछ ।
- नयाँ पर्यटकीय स्थल र कार्यक्रमहरु पहिचान गरी आवश्यक पूर्वाधार निर्माणमा सहयोग र समन्वय गरिने छ ।
- भीमफेदी-८ स्थित पञ्चकन्या मन्दिर क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न प्राथमिकता दिइनेछ ।

३. उद्योग तथा वाणिज्य

- सामाजिक, आर्थिक तथा शारीरिक रुपमा कमजोर वर्गलाई व्यवसायिक प्रोत्साहनका लागि गाउँपालिकाभित्र स्थायी बासिन्दा भएका एकल महिला, दलित महिला, शारिरिक अपाङ्गता तथा विशेष क्षमता भएका व्यक्ति तथा अति सीमान्तकृत विपन्न चेपाङ जातीका व्यक्तिहरुका लागि  कर प्रयोजनका लागि गाउँपालिकाले गर्ने व्यवसाय दर्ताको दर्ता शुल्क मिनाहा गरिनेछ ।
- परम्परागत सीप र क्षमताको प्रबर्द्धन र विकास गरी तुलनात्मक लाभ प्रदान गर्ने खालका घरेलु उद्यमलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४. सहकारी

- सहकारीमा महिला सहभागितालाई प्रोत्साहन गर्दै सहकारीको व्यवसायिक क्षमता अभिवृद्धिका लागि विभिन्न संस्थागत विकास तालिम र कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सहकारी संस्थाहरुको नियमित अनुगमन तथा अभिलेख व्यवस्थापन गरी सक्रिय र निष्क्रिय सहकारी संस्थाहरुको वर्गीकरण गरी निष्क्रिय संस्थाहरुलाई खारेजीको प्रक्रियामा लगिनेछ ।
- सहकारीको सिद्धान्त अनुरुप सहकारी संस्थाहरुलाई प्रतिस्पर्धी भन्दा सहयोगी भावनाको विकास गर्दै उहि प्रकृतिका सहकारीहरुलाई मर्ज हुन प्रोत्साहन गरी सहकारी एकीकरण गरिनेछ ।
- सहकारीसँग सम्बन्धित आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

## (ख) सामाजिक विकास

१. शिक्षा

- कोभिड-१९ को संक्रमणको समयमा वैकल्पिक शिक्षाका विधिलाई जोड दिदै विद्यालयको सघन अनुगमन प्रतिवेदनका आधारमा विद्यालयहरुमा पूर्वाधारको विकासतर्फ देखिएका समस्या समाधान गर्न बजेट तथा कार्यक्रमको व्यवस्था गरिनेछ ।
- विद्यालयहरुमा सुरक्षित र व्यवस्थित खानेपानी सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिदै बाँकी माध्यामिक विद्यालयहरुमा क्रमशः पानी शुद्धिकरण मेसिन जडान कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- विद्यालय व्यवस्थापनलाई थप सुधार गर्दै माध्यामिक विद्यालयहरुलाई ICT मैत्री बनाउन पहल गरिनेछ ।
- महालक्ष्मी मा.वि., भीमफेदी-५ र महेन्द्र मा.वि., भीमफेदी-६ मा हाल सञ्चालित १८ महिने प्राविधिक शिक्षालाई स्तरोन्नती गरी ३ बर्षिय बनाइनेछ ।
- आधारभूत तहसम्मका विद्यालयहरु (१ देखि ८ सम्म) का लागि स्थानीय पाठ्यक्रम निर्माण गरी क्रमशः लागू गरिनेछ ।
- महेन्द्र मा.वि.मा विद्यालय बस सञ्चालनमा ल्याउन आवश्यक कार्यप्रक्रिया अघि बढाइनेछ ।
- संघीय बजेटमार्फत विद्यालय कर्मचारी र प्रारम्भिक बाल विकासका सहजकर्ताहरुको न्युनतम मासिक पारिश्रमिक रु.१५ हजार पुर्याउने घोषणा अनुरुप यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत कर्मचारी र प्रारम्भिक बाल विकासका सहजकर्ताहरुको गाउँपालिकाको लागत साझेदारीमा न्युनतम पारिश्रमिक सुविधा पुर्याइने छ ।
- १० कक्षासम्म सञ्चालनमा रहेका विद्यालयहरुको कक्षा थप गरी कक्षा १२ सम्म पुर्याउने व्यवस्था क्रमशः गरिदै लगिने छ ।

२.स्वास्थ्य

- साविकको पृथ्वीचन्द्र अस्पताल हालको भीमफेदी प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैय्याको अस्पतालमा स्तरोन्नती गर्नका लागि आवश्यक कार्यप्रक्रिया तत्काल अगाडी बढाइनेछ ।
- मातृ स्याहार कार्यक्रम अन्तर्गत **"घर-घरमा झण्डा, सुत्केरीलाई अण्डा"**लाई निरन्तरता दिदैं प्यालिएटिभ केयर र ज्येष्ठ नागरिक स्वास्थ्य स्याहार कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- भीमफेदी प्राथमिक स्वास्थ्य केन्द्रका लागि एम्बुलेन्स खरिद गर्न कार्यप्रक्रिया अघि बढाइनेछ ।
- कोभिड-१९ को संक्रमणको समयमा स्वास्थ्यकर्मीलाई प्रोत्साहित गरी उच्च मबोबलका साथ काममा खटाइनेछ ।

३. खानेपानी तथा सरसफाई

- खानेपानीको समस्या रहेका भीमफेदी-१ को शिखरबास-नयाँगाउँ-सानुटार र भीमफेदी -३ को ईक्चुङमा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा वृहत्तर खानेपानी आयोजना सम्पन्न गर्न आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।
- भीमफेदी-५ सुपिङमा निर्माणाधीन सुपिङ वृहत खानेपानी आयोजनाको व्यवस्थापन, स्थायीत्व र प्रबर्द्धन गर्दै यस क्षेत्रका बासिन्दाहरुलाई खानेपानीको पँहुच बढ्ने गरी कार्य गरिनेछ ।
- भीमफेदी बजारका खानेपानी उपभोक्ताहरुको सहभागितामा भीमफेदी बजार वृहत्तर खानेपानी आयोजनाको उचित व्यवस्थापन गरिने छ ।
- प्रदेश सरकारसँगको सहकार्यमा भीमफेदी-८ टोड्के-महाविरमा लिफ्टिङ मार्फत खानेपानी आयोजना सञ्चालन सम्बन्धी कार्य अगाडी बढाइनेछ ।
- प्रदेश सरकारसँगकै सहकार्यमा भीमफेदी-८ गंगटेमा निर्माणाधीन अधुरो खानेपानी आयोजना आगामी आ.व.भित्र सम्पन्न गरिसक्नेगरी काम गरिनेछ ।
- वडा नं.४ पान्द्राङ, निबुवाटार क्षेत्रको खानेपानीको समस्या सम्बोधन गर्न प्रदेश सरकारसँग समन्वय गरि कार्य अघि बढाउन पहल गरिनेछ ।

४. संस्कृति प्रबर्द्धन

- ऐतिहासिक चिसापानी गढीको संरक्षण, संवर्द्धन तथा आवश्यक विकासका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको साझेदारीमा करिब ५ करोड बराबरको भौतिक संरचना निर्माणको कार्यप्रक्रिया अगाडी बढाइने छ ।
- **"संस्कृति रहे, हामी रहन्छौं"** भन्ने मुल मर्मलाई आत्मसात गर्दै परम्परादेखि चल्दै आएका भीमसेनजात्रा, कृष्णजात्रा, त्रिखण्डीजात्रा, ल्होसार लगायतका धार्मिक र मौलिक साँस्कृतिक पर्व, मेलाहरुको संबर्द्धन र प्रबर्द्धनसँग सम्बन्धित कार्यक्रमहरुका लागि आवश्यक समन्वय र सहयोग गरिनेछ ।

५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- वि.स. २०७८ भित्र बागमती प्रदेशलाई बालश्रममुक्त बनाउने अभियानलाई सफल बनाउन विविध गतिविधिहरु सञ्चालन गरिनेछ ।
- भीमफेदी गाउँपालिकालाई बालमैत्री स्थानीय सरकार घोषणाका लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- देशलाई सडक मानवमुक्त बनाउने नेपाल सरकारको अभियानलाई साथ दिन मानव सेवा आश्रमलाई आर्थिक सहायता गरिनेछ ।
- गाउँपालिका हाताभित्र निर्माण हुने हरेक संरचनाहरुलाई अंपाङ्गमैत्री, महिलामैत्री तथा बालमैत्री बनाइनेछ ।

- यस गाउँपालिकाको अति सीमान्तकृत र विपन्न समुदाय चेपाङ समुदायको स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- घरबारविहीन असहाय, अनाथ बालबालिकाहरुको संरक्षण गर्दै उनीहरुको शिक्षा, स्वास्थ्य र पालपोषणको व्यवस्था गर्न आवश्यक कार्य गरिनेछ ।
- क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई घरमै पुगी अपाङ्गता परिचयपत्र वितरण गर्ने नीति अनुरुप कार्य गरिनेछ ।
- उपभोक्ता समितिमार्फत सम्पन्न हुने विकास कार्यक्रममा महिला सहभागिता बढाइनेछ ।

६.स्थानीय न्यायिक कार्यसम्पादन

- गाउँपालिकामा न्यायिक समिति रहने संवैधानिक व्यवस्था बमोजिम न्यायिक समितिको कार्य प्रभावकारी बनाउनको लागि न्यायिक इजलास निर्माण गरी प्रभावकारी बनाइनेछ ।
- न्यायिक समितिका लागि विषयगत दक्षता भएका जनशक्तिको व्यवस्था गरी न्ययिक कार्यसम्पादनलाई थप प्रभावकारी बनाइनेछ ।
- स्थानीय जनतालाई पायक पर्ने विभिन्न ६ स्थानहरुमा न्यायिक मेलमिलाप केन्द्रको स्थापना गरी न्यायिक सम्पादनको कार्य गरिनेछ ।

सभाध्यक्षज्यू,

**(ग) पूर्वाधार विकास**

- वडा नं.१ अन्तर्गत सानुटार र घुमाउने जोड्ने याङराङ खोलामाथिको पक्कीपुल निर्माणको कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सहजीकरण गरिनेछ । सानुटार-किसेडी-मच्छेबास-स्यार्से हुँदै कैलाश गाउँपालिकाको घैराङ पुग्ने सडक स्तरोन्नती गरिनेछ ।
- संघीय सरकारसँगको समपूरक अनुदानको सहकार्यमा इपा-देउराली सडक स्तरोन्नतीको कार्य गरिनेछ । त्यस्तै वडा नं.४, २ र ९ लाई जोड्ने रानीखोला-धामीडाँडा-रानीभञ्याङ सडकको निर्माण र स्तरोन्नती गरिनेछ ।
- प्रदेश सरकारसँगको सहकार्यमा भीमफेदी-९ स्थित रानीपोखरी-सिन्कीखाडल-बर्देउ सडक र भीमफेदी-६ स्थित धोर्सिङ-चापाघारी-माण्डु सडक निर्माण र स्तरोन्नती गरिनेछ ।
- वडा नं.२ र ४ अन्तर्गत पर्ने गुण्डिङ सडक निर्माण विस्तार र स्तरोन्नतीका लागि प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।
- वडा नं.७ र ८ जोड्ने कोगटे-महाविर-धार्के-स्वारा सडक निर्माणको कार्यलाई प्रदेश सरकारको सहकार्यमा निरन्तरता दिइनेछ ।
- त्यसैगरी गाउँपालिकाको रणनीतिक सडकको रुपमा रहेको वडा नं. ५ र ३ जोड्ने सुपिङ-भस्मे-अम्लिङ-पान्द्राङ सडक स्तरोन्नतीका लागि बजेटको व्यवस्थापन गरिनेछ ।

- भीमफेदी-१ सुन्दरीमाईस्थित रासी खोलामा पक्की पुल निर्माण गर्न पहल गरिनेछ ।
- आगामी आ.व.मा भीमफेदी-५ दमारमा झोलुङ्गे पुलको निर्माण सम्पन्न गरिनेछ भने संघीय सरकारसँगको सहकार्यमा भीमफेदी-६ को धोर्सिङ-क्यामुन्टार, भीमफेदी-३ को चिलाउने-ईक्चुङ , भीमफेदी-८ स्थित धार्केखोला र भीमफेदी-९ को डेढखोलामा झोलुङ्गे पुल निर्माणका पहल तथा कार्यप्रक्रिया अगाडी बढाइनेछ ।
- संघीय सरकारको बजेट वक्तव्यमार्फत ऐतिहासिक भीमफेदी शहरलाई पुनर्जागृत गराउने अभियानसँग सहकार्य गर्न **"मेरो शहर, मेरो गौरव"** भन्ने नारालाई आत्मसात गर्दै बजारको ऐतिहासिकतालाई मध्यनजर गरी शहरी विकासका लागि आवश्यक पूर्वाधार निर्माणका गतिविधिहरु सञ्चालनमा ल्याइनेछ ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत आगामी आ.व.२०७८/७९ मा विपन्न वर्गको कम्तिमा ५० घरको खरको छाना विस्थापित गरिनेछ ।
- सडक तथा घरहरुको मापदण्ड तयार गरी सुरक्षित सडक तथा घर निर्माण गर्ने गरी सडक तथा घर नक्सापासको मापदण्ड/कार्यविधि तयार गरी आगामी आ.व.देखि कार्यान्वयन गरिने छ ।
- प्राकृतिक श्रोत तथा खानीको समन्यायिक उपयोगका लागि गाउँपालिकाको क्षेत्रभित्र रहेका खानी तथा खनिज पदार्थको संभावित क्षेत्रको पहिचान गरी लगत संकलन गरी लगानीमैत्री वातावरणका लागि सहजीकरण गरिनेछ ।
- विद्युत सुविधा नपुगेका स्थानमा आगामी दर्शैभित्रै विद्युतीकरण गरिनेछ ।जीर्ण र काठका विद्युत पोलहरुलाई स्टिल ट्युवलर पोलले विस्थापित गर्ने कार्यलाई निरन्तरता दिदै आगामी बर्षसम्ममा उक्त कार्यलाई पूर्णता दिइनेछ ।
- सञ्चारको सुविधा अर्थात मोबाइल नेटवर्क नपुगेका स्थानहरुमा नेपाल टेलिकम लगायत मोबाइल नेटवर्क विस्तार गरिरहेका निजी कम्पनीहरुमार्फत मोबाइल नेटवर्क टावर स्थापना गरी जनसमुदायमा सञ्चारको पहुँचको अधिकारलाई सुरक्षित गरिनेछ ।
- गाउँपालिकाका सबै वडामा भरपर्दो, सुरक्षित र छिटो इन्टरनेट सेवाको विस्तारका लागि इन्टरनेट सेवा प्रदायकहरुसँग समन्वय गरिनेछ ।नमुनाका रुपमा भीमफेदी बजार क्षेत्रलाई वाई-फाई फ्रि जोन बनाउन आवश्यक पहल तथा वजेट व्यवस्थापन गरिनेछ ।
- नेपाल पत्रकार महासंघसँगको सहकार्यमा सूचनाको हकसम्बन्धी प्रबर्द्धनात्मक कार्यक्रम गरिनेछ ।

### (घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

- गाउँपालिकाबाट सञ्चालित आयोजनाहरु कार्यान्वयन गर्ने सन्दर्भमा हुन सक्ने वातावरणीय क्षति न्युनीकरणमा जोड दिइनेछ ।
- गाउँपालिकाको मुख्य बजार क्षेत्रबाट उत्सर्जन हुने सबै किसिमका जैविक तथा अजैविक फोहोरमैला सार्वजनिक निजी साझेदारी मोडलमा व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्थापन गरिने छ ।

- सामूदायिक वन, कबुलियती वन, राष्ट्रिय वन तथा निजि वनको उचित व्यवस्थापन गर्नका लागि नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदत्त गरेको अधिकारको उपयोग गर्दै वन ऐन पारित गरी कार्यान्वयन गरिने छ ।
- मनसुनजन्य विपद् बाट हुने क्षतिलाई कम गर्न नदी नियन्त्रण तथा बस्ती बचाउ कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- विपद व्यवस्थापन समितिलाई प्रभावकारी ढंगबाट कार्य अघि बढाउनको लागि यस सम्बन्धित पदाधिकारी, कर्मचारी, वडास्तरीय विपद व्यवस्थापन समिति लगायतको टिमलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- संभावित विपदको पूर्वतयारी तथा विपद पछिको प्रतिकार्य योजनालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।
- विपद प्रभावित क्षेत्रमा तत्काल उद्दार, राहत र स्थानान्तरणका लागि गाउँपालिकाभित्रका सुरक्षा निकाय, स्वास्थ्य निकाय तथा विपद सँग सम्बन्धित सामाजिक सेवामूलक संस्थाहरुसँगको समन्वयमा गठित Rapid Response Team लाई थप सशक्तिकरण गरिनेछ ।
- गाउँपालिकाको विपद व्यवस्थापन कोषमा आवश्यक रकम थप गरी परिचालन गरिनेछ ।
- गाउँपालिकाको पहिलो दायित्व गाउँपालिका बासीको जीवन रक्षा गर्नु हो । विश्वव्यापी माहमारीको रुपमा फैलिएको कोरोना भाइरस तथा अन्य विपदबाट जनतालाई सुरक्षित राख्न सबै प्रकारको प्रयासमा कमि गरिने छैन ।

### (ङ) सुशासन तथा संस्थागत विकास

- गाउँपालिकामा रिक्त रहेका दरबन्दीको क्रमशः पदपूर्ति गरिदै लगिने छ ।गाउँपालिकामा कार्यरत कर्मचारीको कार्यक्षमता र कार्यकुशलतामा वृद्धि गर्न आवश्यक तालिम, गोष्ठी तथा अवलोकन भ्रमणको व्यवस्था कर्मचारी प्रशासनलाई सबलीकरण गरिनेछ ।
- संघीय तथा प्रदेश सरकारको बजेट वक्तव्यमार्फत निजामती कर्मचारीको मासिक तलबभत्ता रु. २००० ले वृद्धि गर्ने घोषणा बमोजिम यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुका लागि मिति २०७८ श्रावण महिनादेखि लागू हुनेगरी तलबमानमा रु.२००० थप गरिने छ ।
- गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र सेवा केन्द्रहरुबाट प्रदान गरिने सेवालाई थप गुणात्मक, छिटोछरितो र अनुमानयोग्य बनाउन आवश्यक कार्यक्रम तयार गरी सञ्चालन गरिनेछ ।
- गाउँपालिकाद्वारा सञ्चालित आयोजना, कार्यक्रम तथा सेवा प्रवाहको अवस्थाको बारेमा आवश्यकता अनुसार समीक्षात्मक गोष्ठी सञ्चालन गरिनेछ ।
- भित्ते नागरिक बडापत्रलाई डिजिटल नागरिक बडापत्रले क्रमशः विस्थापित गर्दै सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाह सञ्चालनका लागि आवश्यक कार्य गरिनेछ ।

- कर्मचारीको कार्यसम्पादनको आधारमा उत्कृष्ट कर्मचारीलाई सम्मान र पुरस्कार वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिदैं कर्मचारीहरुलाई मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन उपलब्ध गराई कार्यालयको कामप्रति थप जिम्मेवार बनाइनेछ ।
- स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको अधिकारको उपयोगका लागि गाउँपालिकालाई आवश्यक पर्ने थप ऐन,कानून, नीति, कार्यविधिको निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्ने विभिन्न संभाव्य श्रोतहरुको खोजी र प्रयोग गरिनेछ । आन्तरिक आयको दर र दायरामा समसामयिक परिवर्तन गर्दै आय संकलन वृद्धि गरिनेछ ।
- नवीनतम् प्रविधिको प्रयोग गरी राजस्वको संकलनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयबाट सफ्टवेयर प्रणालीमार्फत राजस्व संकलन गर्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाले प्रवाह गर्ने सेवालाई पूर्णतः विद्युतीय प्रविधिमैत्री बनाइनेछ ।

सभाध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,

कार्यान्वयनका लागि आवश्यक श्रोतको व्यवस्थापन अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान, विशेष अनुदान, समानीकरण अनुदान तथा सशर्त अनुदान तथा गाउँपालिकाले आगामी आ.व.मा आफ्नो क्षेत्राधिकारभित्र रहि संकलन गर्ने अनुमानित राजस्वको आधारमा भीमफेदी गाउँपालिकाले आ.व.२०७८/७९ को लागि नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरेको छ ।

उल्लेखित नीति तथा कार्यक्रमको आधारमा गत आ.व.२०७८/७९ को लागि बन्ने बजेट कार्यान्वयन पश्चात गाउँपालिकाको भौतिक, सामाजिक तथा साँस्कृतिक विकास भएको हुनेछ । कृषि, पर्यटन र पूर्वाधारको विकासमार्फत गाउँपालिका सबल र समृद्धीको बाटोतर्फ उन्मुख हुने छ ।सामाजिक न्याय कायम भई गाउँपालिकाबासीको आर्थिक अवस्थामा सुधार आएको हुनेछ ।

आगामी बर्षको नीति, बजेट तथा कार्यक्रम तयार गर्न मलाई सहयोग गर्नुहुने जनप्रतिनिधि र कर्मचारीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । कोभिड-१९ को माहमारीबाट बच्न सुरक्षात्मक उपायहरु अबलम्बन गर्न र मनसुनजन्य प्रकोपबाट हुनसक्ने जोखिमलाई मध्यनजर गरी पूर्व सतर्कता अपनाउन सम्पूर्ण गाउँबासीमा अनुरोध गर्दै आ.व.२०७८/७९ को निति, बजेट तथा कार्यक्रमको प्रस्तुती यही समाप्त गर्न चाहन्छु ।।धन्यवाद।।।

**पार्वती राना**
**उपाध्यक्ष**
**भीमफेदी गाउँपालिका**